नेपाल सरकार

ऊर्जा मन्त्रालय

# विद्युत विकास विभाग

## विद्युत उत्पादन, प्रसारण वा वितरणको सर्वेक्षण अनुमतिपत्र/जानकारी स्वीकृतिका लागि दरखास्त दिने प्रबर्द्धकहरुलाई जरुरी सूचना

*(प्रकाशित मिति :२०६७/०६/०१ गते)*

विद्युत उत्पादन, प्रसारण वा वितरणको सर्वेक्षण अनुमतिपत्र पाउन/जानकारी स्वीकृतिको लागि विद्युत ऐन, २०४९ तथा विद्युत नियमावली, २०५० बमोजिम विभिन्न व्यक्ति वा संस्थाको नाउंबाट विभिन्न जलविद्युत आयोजनाहरुको लागि प्रस्ताव गरी दरखास्त/निवेदन दर्ता गराएका प्रस्तावक/प्रबर्द्धकहरुले निवेदन दिंदा उल्लेख गरेको ठेगाना अपुरो हुन गई/ठेगाना फरक पर्न गई पत्राचार गर्दा सम्बन्धित व्यक्ति/संस्था कहां नपुगी पत्र फिर्ता हुन आएको हुंदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस विभागमा आफ्नो स्पष्ट ठेगाना (घर नं., ईमेल, पोष्ट बक्स नं., फ्याक्स नं. आदि समेत) तथा नेपाल सरकार, ऊर्जा मन्त्रालयबाट २०६७/०२/१४ मा स्वीकृत "जलविद्युत आयोजनाको अनुमतिपत्र व्यवस्थापन सम्बन्धी (आन्तरिक) कार्यविधि, २०६७" (www.doed.gov.np) बमोजिमका विवरण समेत संलग्न गरी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । यसरी पत्राचार गर्ने स्पष्ट ठेगाना नभएको वा फरक पर्न गएको खण्डमा त्यस्ता प्रबर्द्धकहरुको निवेदन/दरखास्त यसै सूचनाको आधारमा रद्द गरी सूचीबाट हटाइने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।